# 2024

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

**प्रश्नसंख्या 1 देखि 4 सम्मका प्रश्नहरूको सहि उत्तर दिइएका विकल्पहरूबाट चुनेर लेख :** 1×4=4

1. कटकबहादुरले कति वर्षकी हरिमतीलाई विहा गरेर ल्याए? 1

   (क) 12 वर्षकी

   (ख) 13 वर्षकी

   (ग) 14 वर्षकी

   (घ) 15 वर्षकी

2. ताख्खे नागा कस्तो हृदयको थियो? 1

   (क) कठोर

   (ख) उदार

   (ग) निठुर

   (घ) कातर

3. "प्रिये, जे हुनु भयो" — उक्त पंक्ति कुन कविता मा प्रस्तुत भएको छ? 1

   (क) पीकदूत

   (ख) नचिनिने भएछौ

   (ग) कर्म

   (घ) सास छ आश छ

4. "नगण" को चिन्ह कुन हो? 1

(क) III

(ख) SSS

(ग) ISI

(घ) SIS

प्रश्नसंख्या 5 देखि 14 सम्मका प्रश्नहरूको उत्तर भरसक एउटा शब्द वा एउटा वाक्यमा लेख : 1×10=10

5. दुलहा दुलही लिन केमा चढेर गए? 1

6. भाग्नेहरू साखेन गाँउतिर नलागी कतातिर लागे? 1

7. कस्ले चरा मार्ने ब्याधा काम गर्थ्यो? 1

8. लेखकले मुख छोपेर के को बहाना गरे? 1

9. कस्लाई थाहा थियो मरेपछि फेरि भेट हुन्न भन्ने? 1

10. कुन पत्रमा छोटो र ठीक विषयलाई मात्र पुष्टि गरेको हुन्छ? 1

11. निवन्ध कस्तो रचना हो? 1

12. बोनसको मांग गर्दा कम्पनी मानेन भने के गर्नु पर्दछ? 1

13. "लौ डुब्नु टुप्पीसुद्धै डुबेपछि भो। मेरो पो सर्वनास भो" — यो कसको भनाई हो? 1

14. भुनेलाई जैले आउदा मसला रोटी कस्ले ल्याई दिन्थ्यो? 1

प्रश्नसंख्या 15 देखि 25 सम्मका प्रश्नहरूको उत्तर भरसक अति संक्षेपमा लेख : 2×11=22

15. एच० आई० भी० फैलिने अथवा सर्ने मूल कारण के हो? 2

16. कविको धन निबन्धमा आर्नल्ड र ल्याण्ड्रले के भनेका छन? 2

17. कर्म कवितामा कविले कसरी जीवन सिद्धिन्छ भनेका छन? 2

18. "गाई न गोठ लबर-लबर ओठ" — अर्थ स्पष्ट पार। 2

19. पत्र लेख्दा पत्र पठाउनेको ठेगाना र तारीख कहाँ लेखिन्छ? 2

20. निवन्धमा विषय प्रवेश कसरी गरिन्छ? 2

21. समयनिष्ठा निवन्धको रूपरेखा लेख। 2

22. चिटठी पत्र गर्नुपर्ने मुख्य एउटा प्रयोजन लेख। 2

23. छन्दशास्त्रमा गुरु केलाई भन्दछन? हदाहरण सहित लेख। 2

24. श्लेष अलंकारको उदाहरण लेख। 2

25. "घोसे मुख लाउनु" — उखानका अर्थ लेखि वाक्यमा प्रयोग गर। 2

प्रश्नसंख्या 26 देखि 33 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख : 3×8=24

26. भानुभक्तलाई किन सबै नेपालीका घरमा सत्कार थियो? 3

27. लक्ष्मीपूजाको दिन लालले के विचार गर्‍यो? 3

28. मन कालो हुनेले के-केलाई कालो देख्तछ? 3

29. विरहिणीले कोइलीलाई के भनी सम्झाउँछे? 3

30. हृदय-प्रान्तमा मच्चिएर गयो, अहिले भर्खरै त हो — भीषण तुफान — उक्त पंक्तिको अर्थ स्पष्ट पार। 3

31. वर्णनात्मक निवन्ध केलाई भनिन्छ? 3

32. छन्द शास्त्र केलाई भनिन्छ? यसका प्रवर्तक को हुन? 3

33. गंगा र शेखरको प्रेममा कसले कसरी वाधा पुर्‍यायो र कसले सहयोग पुर्‍यायो? 3

प्रश्नसंख्या 34 देखि 39 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख : 4×6=24

34. दैलो कथामा लेखक के कस्ता दैलाहरूको चिन्तन गर्न थाले? 4

35. नाति र ताख्खे नागाको वर्तालाय बाजेले अन्तरालमा बसेर सुनेका कुराहरू लेख। 4

36. पीकदूत कविताका आधारमा बसन्त ऋतुको वर्णन गर। 4

37. "यस्तै घाम-छाँयाको बीचमा बतासको वत्ती जस्तै लकपकाउदै मधुरो हुदै उक्सदै छटपटाउदै, जीवन खर्च हुदैं जान्छ" — उक्त पंक्तिको अर्थ स्पष्ट पार। 4

38. एउटा दफ्तर सम्बन्धी पत्र लेख। 4

39. आमाबाट भुने पर-पर पंन्छिएका कारणहरू लेख। 4

प्रशनसंख्या 40 र 41 का प्रशनहरूको उत्तर विस्तारपूर्वक लेख : 8×2=16

40. निम्नलिखित विषयहरू मध्ये कुनै एउटा विषयमा निवन्ध लेख। 8

(क) हाम्रो चाढ दशै

(ख) नारी शिक्षा

(ग) अनुशासन

41. तल दिइएको गद्यांश पढेर सोधिएका प्रशनहरूको उत्तर लेख : 2×4=8

पुस्तकालय सभ्याताका इतिहासको जीउदो साक्षी हो। यसैको बलमा बर्तमान भारतलाई आफ्नो अतीत गौरवमा गर्व छ। पुस्तकालय भारतको निम्ति कुनै नयाँ बस्तु होइन। लिपिको आविष्कारदेखि आजसम्म मानिसले निरन्तर पुस्तकहरूको संग्रहँ गरिरहेका छन। कति विद्धजनहरूले आफ्ना निजी पुस्तकालय पनि तयार गरे। मुद्रणकलाको आविष्कारको अघि पुस्तकहरूको संग्रह गर्नु आजकल जस्तो सजिलो थिएन। भारतमा ठूला-ठूला पुस्तकालय थिए। चीन, इरान आदि सुदुरस्थित देशहरूबाट हूलका हुल बिद्यानुरागी लामो यात्रा गरेर भारतमा आउँथे।

प्रश्न :

(क) माथिको गद्यांशको उचित शीर्षक लेख।

(ख) पुस्तकालयहरुको कारणले भारतलाई के गौरव भयो?

(ग) पुस्तकालयका प्रारम्भ कहिलेदेखि भयो?

(घ) साहित्यको उन्नतिको सबभन्दा अधिक महत्वपूर्ण साधन के हो?

---